# बेनिघाट रोराङ गाउँपालिकाको कार्यालय

## तथा

## प्रभु बैंक लिमिटेड बीच भएको बैंक खाता मार्फत सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी

## सम्झौता पत्र

बैंक खाता मार्फत सबै सामाजिक सुरक्षा भत्ता बैंक मार्फत उपलब्ध गराउने नेपाल सरकारको नीति बमोजिम लिखितम् धादिङ्ग जिल्ला बेनिघाट रोराङ गाउँपालिका वडा नं. ०५ स्थित कार्यालय रहेको बेनिघाट रोराङ गाउँपालिका (यस पछि गाउँ पालीकाको कार्यालय प्रथम पक्ष भनिएको छ) को तर्फबाट अधिकारप्राप्त अधिकारी प्रमुख प्रशासकीय अधिकृत-१ र का.जि.का.म.न.पा. वडा नं. ११, बबरमहलस्थित प्रभु बैंक लिमिटेडको धादिङ्ग जिल्ला बेनिघाट रोराङ गाउँपालिका वडा नं. ०५ स्थित शाखा कार्यालय (यस पछि दोस्रो पक्ष भनिएको छ) का तर्फबाट अधिकारप्राप्त शाखा प्रबन्धक -१ गरी हामी सम्झौताका दुवै पक्ष बीच सामाजिक सुरक्षा भत्ता बैंकीङ प्रणाली मार्फत् वितरण गर्ने प्रयोजनको लागि निम्न शर्तहरुको अधिनमा रही यस संझौता पत्रमा हस्ताक्षर गरी लियौं दियौं ।

**तपसिल**

१. प्रथम पक्षले दोस्रो पक्षलाई सामाजिक सुरक्षा भत्ता पाउने लक्षित समूह अनुसार लाभग्राहीहरुको नाम, नागरिकता प्रमाण पत्र नं. सामाजिक सुरक्षा भत्ता परिचय पत्र नं. (MIS बाट आउने १३ अंकको संकेत नं.), ठेगाना, निजले चौमासिक पाउने रकम समेतको पूर्ण विवरण अनलाइनमा आधारित विधुतिय माध्यमबाट उपलब्ध गराउनु पर्नेछ ।

२. दोस्रो पक्षले हाल सामाजिक सुरक्षा भत्ता यस गाँउपालिकाको वडा नं. ५, ६, ८, ९ र १० को प्रत्येक वडा कार्यालयमा गई वितरण गर्नुपर्नेछ । दोस्रो पक्षले प्रथम पक्षबाट प्राप्त विवरण बमोजिम लाभग्राहीको नाममा शून्य मौज्दातमा सामाजिक सुरक्षा विशेष बचत खाता खोल्नु पर्नेछ ।

३. दोश्रो पक्षले ५ वर्ष मुनिका बालबालिकाको हकमा आमा वा संरक्षकबाट खाता सन्चालन हुने गरी बचत खाता खोली, आमा वा संरक्षकको दस्तखतबाट खाता सन्चालन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

४. दोस्रो पक्षले लाभग्राहीको खाता खोली सकेपछि प्रथम पक्षबाट प्राप्त लाभग्राही विवरण सहित लाभग्राहीको नाम र खाता नं. प्रथम पक्षलाई अनलाइनमा आधारित विधुतिय माध्यमबाट प्रथम पक्षलाई उपलब्ध गराउनु पर्नेछ ।

५. प्रथम पक्षले प्रत्येक लाभग्राहीको नाम, लक्षित समूह, खाता नं. र पाउने रकम खुलाई एकमुष्ट रकमको चेक हरेक चौमासिकमा दोस्रो पक्षलाई उपलब्ध गराउनु पर्नेछ ।

६. प्रथम पक्षबाट प्राप्त रकम लाभग्राहीको खातामा दोस्रो पक्षले १५ दिन भित्र जम्मा गरि प्रत्येक खातामा जम्मा भएको रकम देखिने विवरण (Reverse Feed) सहित बाँकी रकम भए सो समेत दोस्रो पक्षलाई उपलब्ध गराउनु पर्नेछ ।

७. तथ्याङ्क आदान प्रदान गर्दा अनलाइनमा आधारित विधुतिय माध्यमबाट मात्र गरिनेछ । यो सम्भव नभएमा केन्द्रिय पञ्जीकरण विभाग संग सम्पर्क गरी त्यहाँबाट प्राप्त निर्देशन अनुसार गरिनेछ ।

प्रभु बैंक लिमिटेड
बेनिघाट शाखा

Scanned with CamScanner

... लगत कट्टा भएमा लगत कट्टा भएको मिति र पाउने रकम समेतको जानकारी ... बैंक पक्षलाई उपलब्ध गराउनु पर्नेछ । सो जानकारी प्राप्त भएपछि दोस्रो पक्ष ... लाभग्राहीको खातामा उक्त मिति पछिको रकम जम्मा नगरी प्रथम पक्षलाई ... पठाउनु पर्नेछ ।

९. दोस्रो पक्षले निष्कृय (Dormant) खाताको विवरण प्रत्येक श्रावण र माघ महिना भि... पक्षलाई दिनुपर्नेछ ।

१०. दोस्रो पक्षले प्रत्येक चौमासिकमा प्रत्येक खातावालको उक्त खाताको कारोवार झल्कीने ... प्रथम पक्षलाई उपलब्ध गराउनु पर्नेछ । उक्त खातामा जम्मा रहेको रकम मध्ये केहि वा सबै रोक्का राख्न वा फिर्ता गर्न प्रथम पक्षबाट लेखी आएमा दोस्रो पक्षले सोही वमोजिम रोक्का वा ... गर्नेछ ।

११. प्रथम पक्षबाट प्राप्त रकम लाभग्राहीको खातामा जम्मा गरेको मितिले १ महिना भित्र दोस्रो ... प्रथम पक्षको प्रकरण न.२ मा उल्लेख भएको प्रत्येक वडा कार्यालय परिसरबाट मोवाईल ... प्रणाली (घुम्ती बैंकिङ्ग सेवा) मार्फत लाभग्राहीको हात हातमा रकम वितरण गर्नु पर्नेछ । लाभग्राहीहरुलाई बैंकले तोकेको समयावधि भन्दा अगावै रकम झिक्न परेको बखत नि... एकाघरको ईच्छाईएको व्यक्तिले बैंक मार्फत तत्काल रकम झिक्न सक्नेछ ।

१२. प्रकरण नं.११ मा जे भनिएता पनि प्रथम पक्षको ५ नं. वडा कार्यालय र दोस्रो पक्षको कार्यालय ... स्थानमा रहेकोले प्रथम पक्षको ५ नं. वडा कार्यालयको लाभग्राहीहरुका लागी दोस्रो पक्षको काय... परिसरबाट नै रकम वितरण गर्ने व्यवस्था मिलाउनु पर्नेछ । तर वडा कार्यालय संग समन्वय ... अन्य स्थानमा समेत लाभग्राहीहरु लाई दोस्रो पक्षले रकम वितरण गर्नुपर्नेछ ।

१३. मोवाईल बैंकिङ्ग प्रणाली सेवाको वखत दोस्रो पक्षले लाभग्राहीलाई रकम वितरण गर्ने प्रयोज... लागी प्रहरी प्रशासन र सुरक्षाको प्रवन्ध एवं व्यवस्थापकिय कार्यको प्रथम पक्षले सहयोग गरी ... पर्नेछ ।

१४. सामाजिक सुरक्षा भत्ता वितरण हुने दिन, समय र स्थानको प्रचार प्रसार लगाएतको जिम्मे... प्रथम पक्षको हुनेछ ।

१५. दुवै पक्षको सहमती वाट लाभग्राहीहरु लाई सहज ढङ्ग वाट रकम उपलब्ध गराउन थप प्रयास ... गरिनेछ ।

प्रथम पक्षको तर्फबाट

०७५।५।१०

हर्ष बहादुर थापा
प्रमुख प्रशाशकिय अधिकृत
बेनिघाट रोराङ गाउँपालिका

दोश्रो पक्षको तर्फबाट

प्रभु बैंक लिमिटेड
वेनिघाट शाखा

सन्दिप कुमार तामाङ
प्रभु बैंक लि.
शाखा प्रवन्धक

बैंकको छाप

साक्षिहरु

१. परशुराम धिमिरे- ना.सु. (सामाजिक विकास २०७५।५।१०)

२. बिमला डल्लाकोटी- सन्चालन ईन्चार्ज

Scanned with CamScanner